मुस्ताङ जिल्लामा होमस्टे तथा उद्यान निर्माण

**<u>(स्थानिय तहसंगको सहकार्यमा होमस्टेमा पर्यटन पूवाधार विकास गर्न पूंजिगत अनुदान तथा शहरी वन प्रवर्धन तथा उद्यान पार्क निर्माण कार्यक्रम अन्तर्गत संचालित कार्यक्रम)</u>**

# आ.व. २०७५/०७६

मराड. सामुदायिक होमस्टे, ल्हो घेकर दामोदरकुण्ड गाउँपालिका वडा नं १

चुमजुड. सामुदायिक होमस्टे लोमान्थाड. गाउँपालिका वडा नं ४

थकाली सामुदायिक होमस्टे घरपजोङ गाउँपालिका वडा नं ५, ठिनी, मुस्ताड.

अनुदान रकम रु ३५,००,०००।

**तथा**

जनहित उद्यान घरपझोङ्ग गाउँपालिका वडा नं ४, जोमसोम

सहयोग रकम रु ३०,००,०००।

सहयोगी निकाय तथा संयोजन

डिभिजन वन कार्यालय, मुस्ताङ

# मराङ सामुदायिक होमस्टे, ल्हो घेकर दामोदरकुण्ड गा.पा. वडा नं १

## परिचय

मुस्ताङ जिल्लाको ल्हो घेकर दामोदरकुण्ड गाउँपालिका वडा नं १ मराङमा अवस्थित यो सामुदायिक होमस्टे हाल जोमसोमवाट करिव ८ घण्टाको सवारी यात्रा पछि चराङ भन्ने ठाउँमा पुगिसकेपछि पश्चिम पट्टि करिव २ कि.मी. हिंडेर पुग्न सकिन्छ ।

पर्यटकिय क्षेत्रको रुपमा परिचित मुस्ताङ जिल्ला, अन्नपुर्ण संरक्षण क्षेत्र र त्यसमा पनि उपल्लो मुस्ताङमा रहेको यस होमस्टे आफैमा यस क्षेत्रका गुरुङ समुदायको सांस्कृतिक महत्व वोकेको क्षेत्र हो भने यहाँ ऐतिहासिक घरगुम्वा, गुफा, लाङवोछे भ्यू पइन्ट, गोलाखा गुफा, ट्रेसर गुफा, ङ्ग्री पेनचेन फुट प्रिन्ट एण्ड गुफा, एप्पल गार्डेन, गासे फु (The Last Astroite),घोड चढीको व्यवस्था, स्थानिय मुस्ताङी खाना, लाङवोछे हिमाल जस्ता पर्यटकिय गन्तव्य रहेका छन् । उच्च हिमाली भागमा उत्पादन हुने आलु, फापर, गहुँ, तोरा जुस, स्याउ, यार्सागुम्वा, जिम्वु जस्ता उत्पादनहरु पनि यहाँ आउने पर्यटकहरुलाई नयाँ र स्वादिष्ट खानेकुरामा पर्दछन् । भर्खरै मात्र थालनी गरिएको यस होमस्टेमा होमस्टेका सेवाहरुलाई विस्तारै प्रचार प्रसार गरिदैंछ । हाल होमस्टेमा सम्मिलित जम्मा घरधुरी संख्या ५ रहेका छन् भने उक्त घरहरुमा पाहुनाका लागि १० कोठा र २० वेड रहेका छन् । घर घर तथा चोक हरुमा फोहोर संकलनका लागि डस्ट विनको व्यवस्था गरिएको छ । यस होमस्टेवाट करिव ३० मिनेटको दुरीमा उपस्वास्थ्य चौकी समेत रहेको छ । यस होमस्टे हुँदै ट्रेकिङ्ग रुट को व्यवस्था गर्न सकिएमा यो होमस्टे पर्यटकको प्रमुख गन्तव्य र आकर्षणको केन्द्र रहने निश्चित छ ।

आ.व. २०७५/०७६ मा उ.प.व तथा वातावरण मन्त्रालयको रु १० लाखको पुँजीगत अनुदान तथा गाउँपालिका एवं स्थानियको रु ३ लाख गरि कुल १३ लाखमा होमस्टे पुर्वाधारका लागि ५ वटा शौचालय निर्माण भएको छ ।





**मराङ सामुदायिक होमस्ट र संस्कृती**

सम्पर्क गर्ने प्रमुख व्यक्ति र सम्पर्क नं : दावा गुरुङ ९८६४४६२२०९

संचालक समितिको नाम र सम्पर्क नं :

| सि.नं. | नाम थर | पद | ठेगाना | मोवाइल नं |
|---|---|---|---|---|
| १ | सम्देन गुरुङ | अध्यक्ष | ल्हो घेकर दामोदरकुण्ड गा.पा. वडा नं १ मराङ | ९८४३८०६००७ |
| २ | डाढु गुरुङ | उपाध्यक्ष | | ९८४६७७३००८ |
| ३ | धिकी गुरुङ | सचिव | | ९८४०५८४८४४ |
| ४ | पेमा आङ्ग्य | कोषाध्यक्ष | | ९८४३०५६१३५ |
| ५ | डिहमा गुरुङ | सदस्य | | ९८६६०१४९३२ |


# सामुदायिक होमस्टे, चुङजुङ, लोमान्थाङ गा.पा. वडा नं ४

## परिचय

मुस्ताङ जिल्लाको लोमान्थाङ गाउँपालिका वडा नं ४ चुङजुङमा अवस्थित यो सामुदायिक होमस्टे हाल जोमसोमवाट करिव ९ घण्टाको सवारी यात्रा पछि लोमान्थाङ पुगि उक्त ठाउँवाट उत्तर पश्चिम पर्ने नेपालको उत्तरी सिमानामा रहेको छोनुप पुगेपछि करिव ४२०० मिटरको उचाईमा रहेको छ ।

पर्यटकिय क्षेत्रको रुपमा परिचित मुस्ताङ जिल्ला, अन्नपुर्ण संरक्षण क्षेत्र र त्यसमा पनि उपल्लो मुस्ताङमा रहेको यस होमस्टे मुस्ताङ जिल्लाको अन्तिम गाउँ पनि हो । यो होमस्टेले गुरुङ समुदायको सांस्कृतिक महत्व वोकेको छ भने यहाँका ऐतिहाँसिक स्थलहरुमा लोमान्थाङ दरवार, छोसेर गुफा, निफु गुम्वा, गर्फु गुम्वा ( अलिक टाढा रहेका) रहेका छन् । करिव १.५ घण्टाका सवारी यात्रा पछि कोराला नाका पुगिने यस क्षेत्रको प्रख्यात चाडपर्वमा ल्होसार तिजी पर्व, यार्तुङ रहेका छने भने स्थानिय नाच र स्थानिय खानामा लोकल गहुँ तथा उवाको सातु, फापरको ढिंडो, नुन चियाको समेत महत्व रहेको छ । यहाँवाट देखिने मनसाइल हिमाल, उपल्लो मुस्ताङ.को अनुभव र प्रत्यक्ष रुपमा देख्न सकिने याकको गोठ मुख्य आकर्षणका केन्द्रका रुपमा रहेका छन् । हाल होमस्टेमा सम्मिलित जम्मा घरधुरी संख्या ६ रहेका छन् भने उक्त घरहरुमा पाहुनाका लागि १२ कोठा र २४ वेड रहेका छन् । याकको मासु, सुकुटी, याकको चिज, छुर्पीको केक, यार्सा गुम्वा जस्ता जडिवुटीले यहाँको महत्वलाई थप दर्शाएको छ । हालसम्म व्यवस्थित होमस्टे संचालन नभएको भए पनि पाहुनाको लागि सादा खानाको रु ३५०। आवश्यकतानुसार मासुको व्यवस्था गरिने गरेको र वास खर्च नलिने गरि व्यवस्थापन गरिएको छ । स्वास्थ्य चौकी नजिकै रहेको, टोल टोलमा फोहोर व्यवस्थापनको लागि खाडलको व्यवस्था गरिएको छ भने होमस्टे संचालकवाट कुकको तालिम समेत लिइसकेका छन् ।

आ.व. २०७५/०७६ मा उ.प.व तथा वातावरण मन्त्रालयको रु १० लाखको पुँजीगत अनुदान तथा गाउँपालिका एवं स्थानियको रु ५ लाख ७० हजार गरि कुल १५ लाख ७० हजारमा होमस्टे पुर्वाधार कार्यक्रम अन्तर्गत सामुदायिक स्नान गृह निर्माण कार्य सम्पन्न भएको छ ।





**सामुदायिक होमस्टे, चुङजुङ को निर्मित स्नान गृह, शौचालयको अवस्था**

सम्पर्क प्रमुख व्यक्ति र सम्पर्क नं : नोर्चुङ गुरुङ अध्यक्ष ९८६७६९१५१०

संचालक समितिको नाम र सम्पर्क सहितको विवरणः

| सि.नं. | नाम थर | पद | ठेगाना | मोवाइल नं |
|---|---|---|---|---|
| १ | नोर्चुङ गुरुङ | अध्यक्ष | लोमान्थाङ गा.पा. ४, चुङजुङ | ९८६७६९१५१० |
| २ | कर्सोङ गुरुङ | सचिव | | ९८४०१९८७४१ |
| ३ | सिङ्गी घ्याचो गुरुङ | कोषाध्यक्ष | | ९८४६७१५८५८ |
| ४ | याङढोका गुरुङ | सदस्य | | ९८६६०६७७७१ |
| ५ | सिच्चुङ गुरुङ | सदस्य | | ९८४६८८००८१ |
| ६ | छिरिङ ढोका गुरुङ | सदस्य | | |

# थकाली सामुदायिक होमस्टे, घरपझोङ. गा.पा. वडा नं ५

मुस्ताङ जिल्लाको घरपझोङ गाउँपालिका वडा नं ५ ठिनीमा अवस्थित यो थकाली सामुदायिक होमस्टे जोमसोम वजारवाट पुर्वपट्टि करिव ३० मिनेटको हिंडाइवाट पुग्न सकिन्छ भने उक्त ठाउँसम्म मोटरवाटो पनि पुगेको छ । जोमसोम विमानस्थलवाट पुर्वपट्टि रहेको तिलिचो ताल जाने प्रवेश द्धारको रुपमा रहेको यो होमस्टे मुस्ताङका थकालीहरुको संस्कृतीको लागि प्रख्यात छ । पर्यटकिय क्षेत्रको रुपमा परिचित मुस्ताङ जिल्लाको सदरमुकामवाट सवैभन्दा नजिक रहेको यो होमस्टे आधिकारीक रुपमा भर्खर मात्रै वि.सं. २०७५ सालमा दर्ता भएपनि धेरै अगाडीवाट होमस्टेको अभ्यास भैराखेको स्थान हो । यस होमस्टेको मुख्य आकर्षण भनेको थकाली संस्कृतीको खाना, भेषभुषा, चाडपर्व नै हो भने यहाँ र यहाँ नजिक रहेका पर्यटकिय स्थलहरुमा कुछप तेरेङ्गा गुम्वा, थकाली म्युजियम, हिउँचितुवा गुफा र घरपझोङ किल्ला, निलगिरी र धौलागिरी हिमालको दृश्यावलोकन, धुम्वा ताल, छ्यूमा ताल रहेका छन् । यहाँ खेलिने तारा खेल, पना; चाडपर्व जस्तै ल्होसार, फागुपुर्णिमा, भाद्र मेला, घेक्याप; स्थानिय खाना ढेडो, कन्ध्यम, फुलकचा, नुनचिया, स्याउको सुकुटी, स्याउको रक्सी, स्याउको मारा, सिमी, फापरको परिकार आदि समेत यस होमस्टेका विशेषताहरु हुन । त्यसै गरि अन्नपुर्ण राउन्ड ट्रेकिङ्ग रुट, तिलिचो रुट समेत यस होमस्टे स्थलमा पर्ने हुँदा र सदसमुकामको नजिक भएकोले जो सुकै पाहुना पनि हामेस्टेको स्वादको लागि यस होमस्टेमा पुग्न सहज भएको छ । प्रत्येक घर घरमा शौचालय, स्नान घर, घना वस्तीको विचमा ढुंगाले छापेको वाटो, थकाली संग्रहालय समेत रहेको यस गाउँ उत्पादनका हिसावले पनि अव्वल रहेको छ । उवा र फापर एवं स्याउ र खुर्पानी, आलु र सिमी यहाँका मुख्य उत्पादन हुन् ।

जम्मा १२ घरधुरी संलग्न रहेको यस होमस्टेमा हाल ४८ जनाको लागि पुग्ने वेड रहेको छ । पर्यटकहरुलाई उपलव्ध गराइने सेवा सुविधा, लाग्ने खर्च तथा अन्य विवरणहरु समेत सार्वजनिक गरिएको यस होमस्टेमा स्वदेशीको लागी रु ७५०। र विदेशीको लागि रु ११००। को प्याकेजको व्यवस्था गरिएको छ । जस अन्तर्गत पाहुनालाई स्वागत, विदाई, साँझको खाना, वास खर्च र विहानको नास्ता समेत उपलव्ध गराइने व्यवस्था मिलाइएको छ । यस होमस्टेमा पाहुनाको लागि Code of conduct तयार पारी पत्येक घरघरमा टाँसिएको छ भने फोहोर व्यवस्थापन, पाहुनालाई पालो पालो गरि सवै घरमा व्यवस्थापन गर्ने समेत गरिएको छ । घरपजोङ्ग गाउँपालिका, स्थानिय ठिनी क्लव, अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना आदिसँग समन्वय गर्दै आएको र होमस्टे प्रचार प्रसारको लागि विभिन्न निकायको सहयोगमा Visiting card, Brochure, Calendar आदि तयार पारि संस्थागत विकासमा समेत यस होमस्टेले ध्यान पुर्‍याएको देखिन्छ ।

आ.व. २०७५/०७६ मा उ.प.व तथा वातावरण मन्त्रालयको रु १० लाखको पुँजीगत अनुदान तथा गाउँपालिका एवं स्थानियको करिव रु ३ लाखमा होमस्टे पुर्वाधार कार्यक्रम अन्तर्गत ठिनी प्रवेश द्धार निर्माण भएको छ भने थप ५ लाख अनुदान एवं समुहको १ लाख गरी कुल रु ६ लाखमा थकाली संस्कृती झल्काउने परम्परागत ड्रेस, वाजा जस्ता सामाग्री खरिद गरिएको छ ।

सम्पर्क गर्ने व्यक्ति र सम्पर्क नं :जुमा थकाली सचिव ९८४६३९६७९१

संचालक समितिको, सम्पर्क र ठेगाना सहितको विवरणः

| सि.नं. | नाम थर | पद | ठेगाना | मोवाइल नं |
|---|---|---|---|---|
| १ | लाल प्रसाद थकाली | अध्यक्ष | घरपजोड. ५ ठिनी | ०६९४४०३०३ |
| २ | मदना थकाली | उपाध्यक्ष | | ९८४७६३७७२४ |
| ३ | जुमा थकाली | सचिव | | ९८४७६३८०७४ |
| ४ | मीना कुमारी थकाली | कोषाध्यक्ष | | ९८४६३९६७९१ |
| ५ | आइता कुमारी थकाली | सदस्य | | ९८४७६६१६८१६ |
| ६ | वत्ती माया थकाली | सदस्य | | ९८४७७२९७४० |
| ७ | सन्सिला थकाली | सदस्य | | ९८६७६६२५८९१ |

# थकाली सामुदायिक होमस्टे, घरपझोङ. गा.पा. वडा नं ५





पाहुना आचार संहिता




वाथरुम




होमस्टे मेनु

# थकाली सामुदायिक होमस्टे, घरपझोङ. गा.पा. वडा नं ५






थकाली संस्कृती तथा भेषभुषा





विदाइको वेला पाहुनालाई लगाइने खादा




निर्माणाधिन स्वागत गेट




होमस्टेको प्रचारप्रसार सामाग्री एवं जानकारीमुलक व्रोसर तथा भिजिटिङ्ग कार्ड

# जनहित उद्यान घरपझोङ्ग गाउँपालिका ४, जोमसोम

**परिचय**

मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोम वजारवाट उत्तर तर्फ कागवेनी मुक्तिनाथ जाने मोटरवाटोसँगै जोडिएको काली गण्डकी नदिको काखमा अवस्थित जनहित उद्यान जोमसोम वजारको सवैभन्दा नजिकको पर्यटकिय पार्कको रुपमा चिनिएको छ । विगत वर्षहरुदेखि नै माछा पोखरीको नामले चिनिएको यो पार्कमा २ वटा पोखरी रहेका छन भने आंशिक रुपमा पर्खालले घेरिएको अवस्थामा रहेको थियो । पार्क भित्र मुख्य गरि चिलिका पोथ्राहरु भएको यस क्षेत्र वजार क्षेत्रका वासिन्दाको लागि घुम्न जाने स्थान भएकोले यसको सम्वर्धन आवश्यक देखि आ.व. २०७५/०७६ सालमा डिभिजन वन कार्यालयवाट जिल्लामा एक मात्र पार्कको लागि प्रस्तावना आव्हान गर्दा अति उपयुक्त संभावित क्षेत्र भएको हिसावले यस क्षेत्रलाई शहरी वन प्रवर्धन कार्यक्रम अन्तर्गत उद्यान निर्माणको लागि  योजना पेश हुन आएको र सोही योजना मुताविक श्री जनहित उद्यान पार्क उपभोक्ता समिती गठन भै उद्यान निर्माणको कार्यको थालनी भएको हो ।

मुस्ताङ जिल्लामा आउने वार्षिक करिव ६० हजार विदेशी र १ लाख स्वदेशी पर्यटकहरु यहि पार्कको छेउमा रहेको वाटोवाट यात्रा गर्ने गर्दछन् । पर्यटकहरु मुख्य गरि जो लामो समय मुस्ताङ.को यात्रामा निस्केका हुन्छन, तिनीहरु जोमसोम वजारमा वास वस्ने गरेको पाइन्छ । उक्त पर्यटकहरुलाई जोमसोम विमानस्थलवाट करिव १० मिनेटको  दुरीमा रहेको यो पार्कमा लैजान सकियो भने मात्रै यसले मुस्ताङवासीको पर्यटकप्रतिको मोह सावित गर्नेछ ।

आ.व. २०७५/०७६ मा डिभिजन वन कार्यालय, मुस्ताङवाट रु ३० लाख तथा अन्य उपभोक्ता समुहको लगानीमा कुल ३५ लाख ७९ हजारमा जनहित उद्यान निर्माण कार्य सम्पन्न भएको छ ।

**उद्धेश्य**

- सदरमुकाम नजिक रमणिय, हरियाली, वहुप्रजातिय वानस्पतिक उद्यान निर्माण गरि पर्यटकिय गन्तव्य स्थापना गर्ने ।
- पार्कभित्र रहेका पोखरीमा माछा पालन गरि पार्कको आकर्षण तथा आम्दानी वढाउने ।
- पिकनिक स्थलको निर्माण गर्ने साथै भोजभतेर, समारोह जस्ता कृयाकलाप संचालन गर्ने ।
- पार्कको माध्यमवाट स्थानिय स्तरमा आय आर्जनमा वृद्धि गर्ने ।

**निर्माण गरिएका संरचनाहरु**

- उद्यानको संरक्षणार्थ तारवार
- सामुदायिक वहुउद्धेश्यीय छहारी भवन
- भण्डारण गृह तथा चौकिदार कोठा
- सुविधा सम्पन्न शौचालय
- टिकट काउन्टर
- सिंढी सहितको गेट

# जनहित उद्यान घरपझोङ्ग गाउँपालिका ४, जोमसोम




निर्माणाधिन सामुदायिक वहुउद्धेश्यीय  भवन

# जनहित उद्यान घरपझोङ्ग गाउँपालिका ४, जोमसोम




चौकिदार कोठा, भण्डारण कक्ष तथा शौचालय




माछा पोखरी





तारवार तथा गेट